# उत्तरवर्ती नेपाली कथामा पर्यावरणीय नारीवाद

**डा. गीता थपलिया त्रिपाठी**
उपप्राध्यापक
त्रिवि, रत्न राज्यलक्ष्मी क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौँ, नेपाल ।
poetgeeta@gmail.com
ORCiD (iD) : 0000-0003-1471-9932
**Received Date:** October 21, 2024; **Reviewed Date:** Nov. 26, 2024
**Accepted Date:** Dec. 25, 2024

## लेखसार

*प्रस्तुत अध्ययन उत्तरवर्ती कथामा प्रयुक्त नारीवादी पर्यावरणको खोजी र विश्लेषणमा केन्द्रित छ । उत्तरवर्ती कथाका बहुल विषय छन् । तीमध्ये प्रकृति पर्यावरणमा आएका सङ्कटपूर्ण अवस्था र नारीमाथि हुने गरेका दोहनका विषयमा केन्द्रित रहेर एकथरी कथाहरू लेखिएका पाइन्छन् । यस अध्ययनमा पर्यावरणीय सङ्कटका सापेक्षतामा नारीका समस्याहरूको तुलना र व्याख्या गर्दै प्रकृति र नारीका समस्यालाई केन्द्रमा राखेर सिर्जना गरिएका कथाकृतिको विश्लेषण गरिन्छ । यसले प्रकृतिको अतिक्रमणसँग नारीमाथि हुने गरेका शारीरिक र मानसिक हिंसा र विभेदका उत्पीडनलाई सँगै राखेर हेरिन्छ । 'पर्यावरणीय नारीवाद' उत्तरवर्ती समालोचनाकै एक महत्वपूर्ण प्रकारका रूपमा २० औँ शताब्दीको अन्त्यतिर आरम्भ गरिएको पर्यावरण अध्ययनभित्रकै एउटा पद्धति हो । नेपालमा भने यसमा आधारित भएर कृति विश्लेषण गर्ने पद्धति भर्खर मात्र आरम्भ भएको छ । पाठपरक विश्लेषणमा आधारित प्रस्तुत अध्ययनका निम्ति मूल पाठ उत्तरवर्ती पर्यावरणीय कथाहरू हुन् भने यी पाठमा आधारित नारीवादी चिन्तनका कोणबाट प्रस्तुत गरिएका पर्यावरणीय पक्षको विश्लेषण यस अध्ययनको मुख्य क्षेत्र हो । उत्तरवर्ती कथाले जीवनका सापेक्ष भोगाइलाई समकालीन मूल्यका आधारमा प्रकट गरेका हुन्छन् । जीवनका समकालीन मूल्य प्रकृति र नारीप्रतिका उपभोक्तामुखी सत्ताले दिएको प्रताडनाका कारण उजाडिने क्रममा भएको र केही कथामा प्रतिरोधी चिन्तनको आरम्भ भएको निष्कर्ष यस विश्लेषणबाट प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : उत्तरवर्ती, केन्द्रीयता, जैविक विविधता, पर्यावरणीय नारीवाद, पुँजीवाद, प्रतिरोध

## विषयपरिचय

'उत्तरवर्ती कथा' अन्तर्गत यस अध्ययनमा २०६५ सालदेखि हालसम्मका पन्ध्रसोह्रवर्षको अवधिमा लेखिएका कथालाई लिइएको छ । यो अवधि नेपालको गणतान्त्रिक पद्धतिको आरम्भ र अभ्यास भइरहेको अवधि पनि हो । यस अवधिका नेपाली कथामा सांस्कृतिक पुनर्व्याख्या, पहिचान र पर्यावरणका विषयप्रति लेखकीय दृष्टि विस्तारित हुँदै गएको पाइन्छ । यी तीनै विषयहरू समाजसँग सूक्ष्म किसिमले जोडिएकाले वर्तमानमा समाजका दलित, महिला र आदिवासीका सीमान्तीय आवाजतिर कथाकार फर्किएर तिनका समस्याप्रति सचेत हुँदै समाजवादी कथाको खोजी भइरहेको छ । अहिलेको समाज प्रकृति र संस्कृतिको बिचमा छ । लोककथामा वर्णित प्राचीन प्रकृतिकेन्द्री समतामूलक संस्कृति हुँदै मानवकेन्द्री युगमा आइपुगेपछि स्थापित पितृसत्तात्मक शासन व्यवस्थाले महिलाका प्राकृतिक विषयलाई विभेदपूर्ण तरिकाले सामाजिकीकरण गरिए । ती विषयहरू उत्तरोत्तर

रोचक, मनोरञ्जनात्मक र वासनात्मक अभिव्यक्तिका रूपमा प्रस्तुत हुन थालेका हुन् । विज्ञापनमुखी सांस्कृतिक पक्षले आधिपत्य बनाउँदै गएपछि महिलाको शरीरलाई आत्माबाट छुट्याउने काम भयो । पितृसत्ताले तिनका शरीरको वस्तुकरण गर्ने र भाउ लगाउने प्रतिस्पर्धा बढ्दै गएपछि समाजमा महिला र प्रकृतिका विषयलाई एकातिर सिर्जनाको आधार र अर्कोतिर शोषण र दोहनका सामग्रीका रूपमा समान किसिमले विश्लेषण गर्ने क्रम सुरु भयो । यही पृष्ठभूमिहरूबाट अघि बढेको उत्तरवर्ती नेपाली कथाले यहाँका समुदायगत प्राकृतिक-सांस्कृतिक परिवेश र मनोविज्ञानलाई कथामा उतार्दै आएका छन् । महिला र प्रकृतिका सिर्जना, समर्पण र सामञ्जस्यपूर्ण व्यवहारका विरुद्ध उभिएर तिनमाथि नै हिंसात्मक अतिक्रमण गर्ने प्रवृत्तिका प्रतिपक्षमा लेखिएका कथा नै पर्यावरणीय नारीवादी कथा हुन् । यस चरणसम्म आइपुग्दा पर्यावरण र नारीकेन्द्री कथाले प्रविधिकेन्द्री जीवनभोगाइ र संवेदनाह्रास हुँदै गएका अनेक आयामहरूलाई विषयवस्तुका रूपमा ग्रहण गर्दै आएको छ । यस समयमा प्रकृतिका अनेक जैविक विविधताहरूको भरमार उपभोग गर्न समर्थवान् भएको पुँजीवाद हावी हुँदै गएको छ र प्राणीका जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने जल, जमिन, वायु र ध्वनि लगायतका प्राकृतिक संसाधनहरू विनाश र प्रदूषित हुँदै पृथ्वीमा पर्यावरणीय सङ्कट देखापर्दै गएको छ । प्रकृतिमै आश्रित भए पनि मानिस आफ्नो क्षमताको दुरुयोग गर्दै प्रकृतिलाई आफ्नो काबुमा राख्न हरप्रयत्न गरिरहेको छ, यस विषयलाई नारीवादले महिलाको अस्तित्वमाथि पितृसत्ताले अभ्यासमा ल्याएका विवेकहीन परिघटनासँग समान किसिमले विश्लेषण गरिरहेको छ । यसबाट महिला र प्रकृति दुवैमाथि, दुवैको सिर्जनशीलता र उत्पादनमाथि भइरहेको अत्याचार र एकाधिकारका विरुद्ध चेतना जागृत र विस्तारित गर्दै लगिएको छ । प्रकृति र नारीका पक्षमा उठेका यिनै स्वरहरूको अध्ययन, विश्लेषण र प्रतिरोधमुखी सैद्धान्तिक मान्यतालाई पर्यावरणीय नारीवाद भनिएको छ । पुँजीवादको अत्यधिक विकास तथा प्रविधिका क्षेत्रमा आएको नयाँ नयाँ प्रयोगका कारण बढेको उपभोक्तामुखी जीवनशैली, बढ्दो सहरीकरण र जनसङ्ख्याको अत्यधिक वृद्धिले ल्याएको विश्वव्यापी पर्यावरणीय समस्या वर्तमानको सङ्कट हो । त्यसले सिर्जना गरेको वातावरणीय प्रदूषण, तापमान वृद्धि, बाढी, पहिरो, सुनामी, मौसम परिवर्तनजस्ता समस्या वर्तमानका जटिल पर्यावरणीय समस्याहरू हुन् र सँगसँगै आएका विकासका अवैज्ञानिक योजनाहरूले स्थानीयतामाथि समेत ठुलो सङ्कट उत्पन्न भएको छ । जनसङ्ख्या विस्फोट र त्यसको व्यवस्थापनका निम्ति भएको वनजङ्गल विनाश, खाद्य व्यवस्थापनका लागि गरिएका कृत्रिम प्रयास र प्रयोग, विषादीको आतङ्क, प्राकृतिक चक्र र पारिस्थितिक चक्रको परिवर्तन तथा त्यसले पृथ्वी र विश्वब्रह्माण्डमा पारेको नकारात्मक प्रभावका अहिले मानव समाजमा जन्म, जीवन र मृत्युसम्बन्धी सङ्कटका रूपमा देखापर्दै गएको छ, जुन महिलाको मातृत्व क्षमता र प्रकृतिको उर्वराशक्तिसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । महिला, प्रकृति र पर्यावरण राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विमर्शकै महत्वपूर्ण अङ्ग बन्न थालेको पछिल्लो दशकपछि भने साहित्य चिन्तनका क्रममा यसले आधुनिक समालोचनाको एउटा महत्त्वपूर्ण धाराको रूप लिएको छ । यसैको निरन्तरताका रूपमा यस अध्ययनमा उत्तरवर्ती नेपाली कथामा प्रयुक्त पर्यावरणीय नारीवादसम्बन्धी चिन्तन सन्दर्भलाई लिएर प्रकृति र नारीविषयक पाठको विश्लेषण गर्ने उद्देश्य लिएर यो समालोचना तयार गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट उत्तरवर्ती चरण (२०६५यता) मा प्रकाशित भएका पर्यावरण र नारीकेन्द्री कथाहरूलाई आधारभूत सामग्रीका रूपमा

सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त विश्लेष्य तथ्यांशहरूको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थ तथा अनुसन्धान जर्नलहरूबाट द्वितीयक सामग्रीहरूको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै किसिमका सामग्रीहरूको समुचित चयन र प्रयोग गरी उत्तरवर्ती कथामा अन्तर्सम्बद्ध भएर आएका उपभोक्तामुखी पितृसत्ता र पुँजीवादकेन्द्री संस्कृतिका कारण शोषित/उत्पीडित प्रकृति र नारीका विषय तथा तिनमा उपस्थित प्रतिरोधी चेतनाको निक्यौल गर्न विश्लेषणको सैद्धान्तिक ढाँचा तयार पारिएको छ र पाठपरक विश्लेषण विधिबाट सामग्रीको अर्थापन गरिएको छ ।

## विश्लेषणका सैद्धान्तिक आधार

'पर्यावरणीय नारीवाद' प्रकृति विज्ञानबाट प्रेरित भई साहित्य समालोचनामा विकसित भएको पर्यावरणीय अध्ययनको एउटा शाखा हो । अङ्ग्रेजीको 'इकोफेमिनिजम्' शब्दको समानान्तर समालोचना सिद्धान्तका रूपमा नेपालीमा 'पर्यावरणीय नारीवाद' शब्दको प्रयोग भएको छ र यो प्रकृति र नारीसँग सम्बद्ध धेरै क्षेत्रको सहभागिताबाट बनेको सिद्धान्त वा मान्यता हो । नारीवादी अभियन्ता, शान्ति स्थापनाका अनुसेवी, मजदुर आन्दोलनका अभियन्ता, नारी स्वतन्त्रताका पक्षधर आदिका साझा धारणाको विकासबाट यो अवधारणा विकसित भएको हो (ग्यार्ड, सन् १९९३, पृ. १) । जाति, वर्ग, लिङ्ग, यौनिकता, शारीरिक क्षमता, जैविकताका सन्दर्भमा जुन दमनको स्थिति छ, यसलाई प्रकृतिको नै दमनका रूपमा लिइएको पाइन्छ (पृ. १) । यसबाट नारीवादी पर्यावरण भनेको प्राकृतिकतालाई कृत्रिमताले गरेको दमनको विरुद्धमा उठेको आवाज हो भन्ने बुझिन्छ ।

पर्यावरणीय समस्या र नारीका समस्याका कारकहरू एकै हुन् भन्ने दृष्टिकोणबाट उठान गरिएको पर्यावरणीय समालोचनाभित्र एउटा शाखाका रूपमा विकसित साहित्य चिन्तन नै पर्यावरणीय नारीवादी चिन्तन हो । यसमा नारी र पर्यावरणको आपसी सम्बन्धलाई आधार बनाई अध्ययन गरिन्छ । मानव र प्रकृतिबिचको अन्तर्सम्बन्धलाई केलाउँदै नारीवादी सिद्धान्तको नयाँ धार पर्यावरणीय नारीवाद (इकोलोजिकल फेमिनिजम) को विकास भएको हो । फ्रान्सोयस डि इयाबोनले आफ्नो पुस्तक *फेमिनिमी ओ ला मोर्ट* (फेमिनिज्म अर डेथ, १९७४) मा पहिलोपटक 'पर्यावरणीय नारीवाद' शब्दको प्रयोग गरेकी थिइन् । मुररे बुक्चिनको इन्स्टिट्युट अफ सोसल इकोलोजीमा सन् १९७६ मा यो एउटा नारीवादी पाठ्यपुस्तकका रूपमा उपलब्ध गरिएको थियो । नेस्त्रा किङ्ग नामक अर्का सिद्धान्तविद्ले यसलाई थर्ड वेभ अफ फेमिनिज्म पनि भनेकी छन् (लामा, सन् २०१७, पृ. ५७) । उनले सन् १९८१ मा *फेमिनिजम् र प्रकृतिका बिचको लडाइँ* विषयमा एउटा प्रामाणिक अध्ययन प्रस्तुत गरेकी थिइन् । मेरी डालीको *गैन इकोलोजी* र सूसन ग्रिफिनको *नारी र प्रकृति* (सन् १९७८) नामक दुई कृतिले पनि पर्यावरणीय नारीवादको विस्तारमा प्रारम्भिक योगदान दिएका छन् । करेन वारेनको *इको फेमिनिस्ट एथिक* (सन् १९८८) मा नारी तथा प्रकृतिमाथि पुरुषको आधिपत्यको विरोधमा आलोचना गरिएको छ । यसरी नै क्योरोलिन मर्चेन्टको *अर्थ केयर विमन एन्ड द इन्भाएरोमेन्ट* (सन् १९९५) एक अर्को महङ्खवपूर्ण कृति हो । यसमा उनले नारीको शारीरिक विशेषता तथा प्रकृति दुवै स्त्री शक्तिको स्रोत भएको बताएकी छन् । यिनै कार्यसँगै थप चिन्तन हुँदै गएपछि प्लमवुड वाल, सेरी बी ओटेनर, अरुन्धती रोय तथा वन्दना शिवाजस्ता चिन्तकहरूका अवधारणाहरूबाट नयाँ सैद्धान्तिक विकास गरिएको हो ।

नारीवादी पर्यावरणसम्बन्धमा लेखिएको पहिलो पुस्तक *रिक्लेम द अर्थ : ओमन स्पिक आउट फर लाइफ अन अर्थ* (सन् १९८३) हो । यस पुस्तकमा 'इको-फेमिनिजम इम्पेरेटिजम' को व्याख्या गरिएको छ (ग्यार्ड, सन् १९९३, पृ. २) । यसरी नै डेविड थोरो, अल्डो लियोपोल्ड, जोन म्यौर, रेच्चल कार्सन आदिका रचनाबाट नारीवादी पर्यावरणीय अवधारणाले प्रेरणा प्राप्त गरेको छ (पी.एस., सन् २०१२, पृ.४२-४३) । पुरुषले नारीको स्थायीभाव र प्रकृतिको स्थानीयतामाथि कब्जा गरेर सहजतापूर्वक आफ्नो पक्षमा संस्कृति निर्माण गर्न सकिन्छ भन्ने सोचेर नै विगतमा प्रकृति र नारीमाथि दासत्वको प्रयोग गरेको छ । नारीवादी आन्दोलनका प्रवर्तक सिमोन द बुआले नै पहिलोपटक नारीलाई प्रकृतिसँग जोडेर हेरेकी हुन् ।

उत्तरवर्ती समाज पर्यावरणमा आइरहेको सङ्कटका विषयमा सचेत हुँदै आएको देखिन्छ । मूलतः महिलाहरू वनजङ्गल, नदीनाला र पशुप्राणीप्रति ज्यादा सहभाव राख्ने स्वभावका हुन्छन् । यस्ता प्राकृतिक स्रोतको संरक्षणमा धार्मिक र सामाजिक दुवै किसिमले महिलाहरू सहकार्य गर्न अग्रसर छन् । उत्तरवर्ती कथामा पर्यावरण सङ्कटका कारकका रूपमा पितृसत्ता र पुँजीवादका विभेद र शोषणका विषय मात्र आएका छैनन्, यस्ता विभेद र शोषण विरुद्ध प्रतिरोधी आवाज पनि उठेका छन् । भारतमा औपनिवेशिक समयमा खेजरी रूखहरूलाई बचाउन महिलाहरूले भावनात्मक गहिराइबाट गरेको आन्दोलन एक प्रभावशाली दस्तावेज बन्यो र भारत स्वतन्त्र भएपछि त्यसैको पृष्ठभूमिबाट प्राकृतिक स्रोतको संरक्षणमा अझै विकसित नीतिहरू बने । महिला र आदिवासीका पर्यावरणसँगको सम्बद्धता र अधिकारका बारेमा सामाजिक संवेदनशीलता सिर्जना गर्न पनि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो । अहिले नवउदारवादी युगमा वातावरणीय उष्णतामा भइरहेको वृद्धि र मौसम परिवर्तनमा देखिएको असन्तुलनसम्बन्धी संवेदनशील र सशक्त आवाजहरूले विश्वका नेताहरूलाई यसको सुनुवाइमा दबाब सिर्जना गरेको छ (सोमोकान्त टि., सन् २०२४, पृ.१०७१-१०७८) । नेपालमा पनि कालीगण्डकी बचाऊ अभियान, चुरे बचाऊ अभियान हुँदै ऐतिहासिक सङ्कथन र वास्तविकताहरूलाई सामुन्ने ल्याएर प्रतिरोधमा प्रभावशाली नेतृत्व दिन आरम्भ भएको छ । यसरी नै लप्सीफेदी बोझेनीमा स्थानीय र सत्ताबिचको सङ्घर्ष अहिले निकै चर्किएको छ । राज्यद्वारा दमनपूर्ण कार्यशैलीबाट निर्माणाधीन केवलकार संस्कृतिका विरुद्ध प्रतिकारमा उठेका मुक्कुम्लुङ याक्थुङ आदिवासी महिला र बालबालिकासमेतमाथि भएको प्रशासनिक कारवाहीबाट हताहत भएका महिला र बालबच्चा बोझेनीको जङ्गलमा लुकेर आफूलाई बचाउ गर्दै प्रतिकारमा उत्रिएका समाचारले स्थानीय प्रकृति र आदिवासीका अधिकारमाथि नेपालमा पनि प्रतिरोधी आन्दोलनहरू आरम्भ भएको जाहेर गरेको छ ।

आफूलाई हुर्काउने प्रकृतिलाई समाप्त गरेर नै उद्योगको विस्तार गरी उपभोग संस्कृतिको विकास गर्न सफल भएको कुरा सजिलै बिर्सिदिएको छ । यो कुरालाई सिमोन द बुआले आर्थिक विकाससँग मात्र नभई पुरुष मनोविज्ञानसँग समेत जोडेर व्याख्या गरेकी छन् । जुन प्रकृतिको विनाश गरी उसले उपभोक्तावादी संस्कृतिलाई अन्धाधुन्द निम्त्याएको छ, त्यही प्रकृतिबिना आफू जीवनहीन भइन्छ भन्ने समेत बिर्सने पुरुष मानसिकताले नै नारीलाई बोल्न बाध्य पारेको विचार बुआको रहेको छ । वैज्ञानिक उन्नतिको सबैभन्दा विकराल असर नै स्मृतिको नोक्सान हो, त्यसैले सारा भौतिकता नै एक डरलाग्दो विस्मृति भएको विचार माक्स होर्क हैमर तथा थेओडोर डब्लु अडोर्नोले *डायलिटिक्स्*

*अफ इन्लाइटमेन्ट* (सन् १९७२)मा बताएका छन् । वास्तवमा नारीशक्तिको ठुलो भाग यही समस्यामा अल्झिएको छ ।

नारीवादी पर्यावरणमा पुरुषका विपरित नारी, संस्कृतिका विपरित प्रकृति, तर्कका विपरित संवेग, मस्तिष्कका विपरित शरीरजस्ता द्विविभाजक चेतनाको अध्ययन गरिन्छ । यसले नारीलाई पनि प्रकृतिलाई झैँ विनाशको सङ्घारमा पुऱ्याएर नाजुक अवस्थामा छोड्ने कि तिनीहरूमा नयाँ शक्ति र सामर्थ्य भर्ने भन्ने विषयमा गम्भीर चेतना दिएको छ (भट्टराई, २०६४, पृ. २११) । ओट्नरको उक्त प्रभावशाली निबन्धमा नारीहरूलाई पुरुषभन्दा प्रकृतिको नजिक मान्दै प्रकृतिलाई मान्छेले आफ्नो अधीनमा राखेको कुरा स्विकारेको देखिन्छ । अर्का नारीवादी चिन्तक वन्दना शिवाले ओट्नरकै मतलाई अझ एक कदम बढाई पितृसत्तात्मक समाजको हेपाइ र परतन्त्रताका कारणले प्रकृति र नारी एक अर्कासँग सम्बन्धित देखिने बताएकी छन् । विभिन्न विद्वान्हरूले धरती, पशुप्राणी तथा जनजातीय समुदायलाई सुरक्षा प्रदान गर्न अब नारी जाति सशक्तीकृत भइसकेको बताउँदै पर्यावरणलाई सुरक्षा प्रदान गर्ने यस्ता सक्षम नारीहरूलाई पर्यावरणीय नारीवादीहरूले 'पोष्ट भिक्टिमोलोजी स्टान्स' नाम दिन चाहेको बताएका छन् (लामा, सन् २०१७, पृ. ५७) । नारीवादी पर्यावरणीय चेतनाले नारीको सशक्तीकरणमा परम्पराका विरुद्ध नवीन दृष्टि लिएको छ ।

वातावरणीय शब्दले प्रकृति र संस्कृतिलाई विरोधी तङ्ववका रूपमा हेर्छ । वाल प्लमवुडले नारीवादी पर्यावरणलाई पाश्चात्य विचारअनुसार यसरी परिभाषित गरेका छन्– "प्रकृति र संस्कृति एकअर्काका विपरीत देखिन्छन् । प्रकृतिले नारी र मानवेतर विशेषतालाई प्रतिनिधित्व गर्छ भने संस्कृतिले पुरुष र मान्छेको प्रतिनिधित्व गरेको हुन्छ ।" यसरी नै पुरुष संस्कृतिको अनि नारी प्रकृतिको सामिप्यमा रहेका हुन्छन् भन्ने मान्यता सशक्त नारीवादी चिन्तक सिमोन दि बुभाको पनि रहेको छ । यिनले थपेकी छन्, "पुरुष जैविक रूपले उत्पादन गर्न असमर्थ हुन्छन् (पृ. ५८) ।" यही मान्यतालाई समर्थन गर्दै केमिल पालिया जस्ता नारीविचारकले पनि प्रकृतिसँग बढी नजिक भएकाले नारीहरू आन्तरिक रूपमा पुरुषभन्दा धेरै शक्तिशाली हुन्छन् भन्नेसमेत तर्क गरेकी छन् तर सबै नारीवादीहरू भने यस किसिमको विचारलाई स्विकार्दैनन् ।

परम्पराले नारीहरू जन्मदै प्रकृतिको नजिक हुन्छन् भन्ने विषयलाई प्राथमिकतामा राखेको छ तर पर्यावरणीय नारीवादीहरू यस विचारसँग सहमत छैनन् । तिनका विचारमा प्रकृतिझैं तिनको स्याहारसुसार र संरक्षण गर्ने स्वभाव हुन्छ भनेर मान्नु पुरुष तथा नारीका "तात्त्विक सत्यहरू" हुन्छन् भनेर स्विकार्नु हो । खास गरी निर्माणवादी नारीवादीहरूको तर्क छ– "नारीहरू प्रकृतिसँग पुरुषको तुलनामा बढी समीप छन् भनेर मान्नेबित्तिकै पुनः "तात्त्विकतावादी" सोचकै जालोमा परिन्छ (उप्रेती, २०६८, पृ. ३१४-३१६) । पश्चिमेली भाषा/संस्कृतिको केन्द्रमा रहेको प्रकृति/संस्कृति, नारी/पुरुष, आकाश/धर्ती जस्ता विरोधाभासी तार्किक संरचनालाई स्वीकार गर्नु हो । त्यसैले नारीहरू प्रकृतिको नजिक छन् र पुरुष प्रकृतिबाट पर उछिट्टिएका भन्ने तात्त्विकतावादी तर्क गर्नुसट्टा बरु प्रकृति र मानव (नारी-पुरुष दुवै) बिचको अन्तरसम्बन्धलाई सम्मान र संरक्षण गर्ने किसिमको संस्कृतिको निर्माण गर्नपट्टि लाग्नुपर्छ (पृ. ३१६) । अतः पर्यावरणीय नारीवादका फरक मतलाई एउटै विन्दुमा ल्याउने बहस भइरहको देखिन्छ । यहाँ पर्यावरणीय समस्याको कारक

प्रकृतिमाथिको अत्याचार र सामाजिक सांस्कृतिक विभेदको कारक नारी समस्यालाई एकै सन्दर्भमा ल्याई पर्यावरणीय नारीवादका मुख्य तीन मान्यताहरू मातृत्व चेतना, आदिवासी महिला चेतना र प्रतिरोध चेतनामा आधारित रहेर पाठपरक विश्लेषण गरिएको छ ।

## नतिजा र विमर्श

उत्तरवर्ती नेपाली कथा (२०६५-२०८१) भित्र प्रकाशित भएका पर्यावरणीय नारीवादी सञ्चेतनायुक्त नौ वटा कथानक-सन्दर्भमा आएका प्रकृति र नारीको वैश्विक वर्तमान अवस्था उपभोक्तामुखी बजारवादले विह्वल बनाएको देखिन्छ । कतै सङ्केत त कतै स्पष्ट स्वरमा आएका महिलाका प्राकृतिक गुणहरूमाथि समेत निषेध र अवज्ञा गरी तिनको स्वभावगत निजत्वमाथि दमन गरिनुलाई यी केही कथासन्दर्भमा प्रकृतिमाथि मानवकेन्द्री अभिरुचिको पूर्तिका निम्ति सिर्जित कृक्रिमताको सापेक्षतामा प्रस्तुत गरिएको छ । अर्कोतिर महिलाको मातृत्वशक्ति र पृथ्वीको उर्वराशक्ति समान हुन् र दुवैलाई निश्चित संरक्षणको आवश्यकता छ भन्ने विषयमाथि पनि कथारचना प्रक्रिया आरम्भ भएको छ । यति मात्र होइन, धर्ती र महिला (आमा) सहनशील पात्र हुन्, सहनु तिनका सजातीय गुण र जिम्मेवारी हुन् भन्दै बनाइएका संस्कार र नियमप्रति प्रतिरोधका ध्वनि पनि यी कथामा प्रकट भएका छन् । प्रकृतिसित नारीको पहिचान शक्तिस्रोत स्वरूप चित्रित हुनुपर्छ भन्ने तर्क राख्दै पितृसत्ता र नारीको वर्ग शोषणबाटै अन्य शोषणको जग बसेकामा पर्यावरणीय नारीवादले स्पष्ट पार्न खोजेको छ । पूर्व सङ्कथनहरूको पुनरावलोकन भइरहेका छन् । डोरोत्ती वर्डस्वर्थका रचनाहरूको पर्यावरणीय नारीवादी विश्लेषणको पाठका रूपमा पुनर्मूल्याङ्कन भइरहेको छ । यसरी नै अमेरिकी लेखिका मेरी ओस्टिनको *द ल्यान्ड अफ लिटल रेन* लाई पर्यावरणीय विश्लेषणका लागि उपयुक्त कृतिका रूपमा विश्लेषण योग्य मानिन्छ । यस्तै आनी दिल्लार्द, विल्ला कातर, उर्सुला लेग्विन, मार्गरेट आट्टकुड, स्टार हाक, आलिस वाक्कर, लस्ली मर्माण आदि प्रसिद्ध पर्यावरणीय नारीवादी लेखिकाहरू हुन् (पी.एस. इन्दु, सन् २०१२, पृ. ४६) । यिनले नारी र प्रकृतिका समानता र केही नारीका पक्षका मौलिक विषयलाई लिएर पर्यावरण र नारीका पक्षमा बहस चलाएका छन् । यहाँ यिनैका मान्यताका आधारमा उत्तरवर्ती चरणका नेपाली कथामा प्रयुक्त पर्यावरणीय नारीवादी पक्षको विश्लेषणका निम्ति निर्मित पर्याधारहरूमार्फत विमर्श गरिएको छ र निष्कर्षमा पुगिएको छ ।

## प्रकृति र नारीका उत्पीडनका विरुद्धमा प्रतिरोधी अभिव्यक्ति

प्रकृति र नारीका उत्पीडन गम्भीर प्रकृतिका छन् । प्रसिद्ध पर्यावरणीय नारीवादी चिन्तक ग्रेटा ग्राडले मानिसले प्रकृतिप्रति कस्तो व्यवहार गरिरहेछ, त्यसबाट पर्यावरणको शोषण, यसप्रति गरिएको अन्याय, असमान व्यवहारबाट यस्ता अनेकौं समस्या उठ्न थालेको बताएकी छन् । उत्तरवर्ती नेपाली कथामा प्रकृतिकेन्द्री नारीवादी चेतनाका केही कथाहरू रचना भएको पाइएका छन् । यहाँ राधिका कल्पितको कथासङ्ग्रह *सम्मोहन* (२०८१) मा प्रकृति र नारीकेन्द्री विषयलाई प्रमुखताका साथ प्रस्तुत गरिएको छ । यहाँ उनको प्रतिरोधी चेतनायुक्त कथांश विश्लेषणका निम्ति उपयुक्त रहेकाले प्रस्तुत गरिएको छ :

गाईको दुध, दही, मही केही खान हुन्न ? कस्तो अचम्म ! काकी गाई पनि आइमाई होइनन् र ? आइमाई मान्छेले आइमाई प्राणीलाई छुन पनि नहुने ?... घरमा कोही नभएका मौका पारी तल झर्छु । गोठमा जान्छु । गाईलाई मुसार्छु ।...बारीका छेउमा भएको मेवाको बोटलाई गम्लङ्ङ अँगालो हाल्छु । ...यसपालि त म मरेनी लुक्न जान्नँ । बार्न पनि बार्दिनँ । (परीक्षण, पृ.१६३-१८०) ।

उल्लिखित कथामा एउटा किशोरीको प्रकृतिमय दैनिकी पहिलोपटक महिनावारी हुँदा नै कसरी अप्राकृतिक तरिकाले सामाजिक विभेदको साँगुरो परिधिभित्र प्रतिबन्धित हुनपुग्छ भन्ने विषयको मार्मिक र दृढ अनुभूति प्रकाशित भएको छ । स्कुले उमेरकी किशोरीलाई महिनावारीका सम्बन्धमा स्कुलमा शिक्षिकाले वैज्ञानिक किसिमले सुसूचित गरिसकेकाले ऊ विज्ञानमुखी परीक्षणद्वारा प्रकृति र आफ्नो निकटतालाई कायम राख्न चाहन्छे र पढाइ छोडेर कुनै परको मान्छेको घरमा लुक्न नजान सक्दो विद्रोह गर्छे तर आफ्नै आमा र हजुरआमाबाट जबर्जस्ती परघरमा घचेटिन्छे । उसको विद्रोह अनेक प्रश्न भएर छरिन्छ । ऊ निषेध गरिएको सूर्यको दर्शनले पुलकित हुन्छे । घरमा कोही नभएकाबेला छुनु हुँदैन भनिएका गाई, गोठ र करेसाबारी हुँदै देवीको मन्दिरसम्म सुम्सुम्याउन पुग्छे । यी सब गरेपछि अनेकखाले पाप लाग्छ र पारिवारिक विनाश हुन्छ भनेर घरसमाजमा देखाइएको डर र आफूलाई शिक्षिकाले भनेका वैज्ञानिक तथ्यमध्ये कुन सत्य छ भनेर जाँच्न चाहन्छे । जब आफूले लुकेर गरेको परीक्षणबाट महिनावारीसम्बन्धी पितृसत्ताले बनाएको नियम गलत भएको साबित हुन्छ, यी सब महिलाको व्यक्तित्व विनाशका निम्ति हावी भइरहेको पुष्टि हुन्छ, अर्कोपटकको महिनावारीमा उसले परिवारसँग मात्र होइन, समाजसँगै विद्रोह गरेकी छ । त्यसैले अन्तिम वाक्यमा यसले लुक्न पनि जान्न र बार्न पनि बार्दिन भनेर चिच्याउँदै गरेको घोषणा समाजका अन्धविश्वास र प्रकृति विरोधी अमानवीय क्रियाकलापप्रतिको प्रतिरोध हो ।

नारीवादी वातावरणवादीहरू प्रकृति र नारीमा धैरै साम्य भएको बताउँछन् । यसका लागि तिनले प्रजनन् र पालनपोषणको समान क्षमताको चर्चा गरेका छन् । समाज भने पालनपोषणको जिम्मा बाबुले वहन गर्ने र आर्थिक पाटोमा बाबुको योगदान हुने भन्दै नारीलाई आश्रय नभएर आश्रयी ठान्दछ । कथाकार ध्रुवचन्द्र गौतमको ‘ढुङ्गा’ शीर्षकको कथा यहाँ सान्दर्भिक रहेकाले एउटा कथांश विश्लेषणका निम्ति प्रस्तुत गरिएको छ :

लोग्ने कतै थिएन । घरमा थिएन । अरू नौ जना थिएनन् । केवल त्यही एक जना कसरी बाँकी भई । बस्ती थिएन । बाटो र आउनेजानेहरू थिएनन् । पानी नै पानी थियो । कि त्यो बिचेत भएर बिउँझेकी त्यही भिरालो थियो । ...महिना बिते । पानी घट्यो । प्रकृति हाललाई शान्त भएको थियो तर त्यसलाई भेट्न कोही आएन कम्मल, चामल र छाप्रोवालामध्ये कोही पनि । बरु एउटी छोरी जन्मी । कारण स्पष्ट छ । कति वर्ष बितेपछि त्यसकी किशोरी छोरीले आमासित प्रश्न गरी– “मेरा बाबु को हुन् आमा ?” (पृ. ४३८)

उल्लिखित भनाइमा प्रतिरोध प्रकट भएको छ । किशोरी छोरी जो, समाजका आँखामा अवैध किसिमले जन्मिएकी मानिन्छे, उसले बाबु नपाउनुमा आमाको केही दोष नभए पनि पितृसत्ताको शोषण र अधिकारविहीनताबाट गुज्रनुले नारीलाई निमुखा बनाइदिएको छ, जसरी प्रकृति पुरुषका

अभिमानबाट उब्जिएका परिस्थितिको दास भएर तिनका हरेक प्रकारका आणविक, रासायनिक तथा मानसिक प्रहार र आघात सहन विवश छ, त्यसरी नै नारीको शरीरमाथि पुरुषको भोगवादी दृष्टिकोण रहेको छ । नारीवादी मान्यताले नारीको पनि पुरुषको जस्तै स्वतन्त्र अस्तित्व छ भन्ने नारीवादी मान्यतासँग प्रकृतिको स्वतन्त्र अस्तित्वलाई समान मानी पर्यावरणीय दृष्टिबाट प्रकृति र नारीको स्वामित्वमाथि नयाँ बहस र विश्लेषण अघि सारेको छ । त्यसैले छोरीले गरेको प्रश्न पितृसत्ताकेन्द्री समाजमा आमाको निम्ति लाजको विषय बनाइएको भए पनि समाजशास्त्रीय नयाँ विश्लेषणमा यो प्रश्नले पारिवारिक सामाजिक संरचना नै भत्काउने किसिमको प्रतिरोधको अभिलक्षण प्रस्तुत गरेको छ ।

नारी र प्रकृतिको सिर्जनात्मक क्षमताका कारण यी दुई आपसमा नजिक छन् तर पुरुषमा त्यो क्षमता छैन । स्त्रीहरू ज्यादा प्रकृति र पृथ्वीको निकट हुन्छन् । यदि स्त्रीहरूले आफूलाई पूरा अभिव्यक्त गरे भने जमिनलाई सुन्दर, स्वस्थ, युद्धभन्दा शान्ति आनन्दपूर्ण बनाउन सकिनेछ (ओशो, २०६७, पृ. ६०) । पुरुषले औजार प्रयोगद्वारा उत्पादन मात्र होइन, विकासका नाममा विनाश पनि गर्छ । यहाँ कथाकार देवेन सापकोटाको कथासङ्ग्रह *पृथ्वीका सुस्केराहरू* (सन् २०२३) मा आएका प्रकट भएका यस्तै विश्लेष्य सन्दर्भ प्रस्तुत गरिएको छ :

चारलेनयुक्त सडक निर्माण, असुविधाका लागि क्षमा याचना ।..त्यसपछि सबै मिली पिपलको रुखमाथि जाइलागे । छेवैको मन्दिरमा आएकी खरेल्नीले यी सब देखिछन् । आत्तिँदै चिच्याउन लागिन् । "गुहार गुहार ! चाँडै आओ । यी पापी पाखण्डीहरूले गर्नु गरे । हाम्रो पिपलको रुखलाई काट्न लागे ।" आऔँ सबै मिलौँ । हाम्रो आस्थाको रुखलाई बचाऔँ । ...यति भन्दै उनले वृक्षलाई ग्वाम्म अँगालो हालिन् । केही क्षणमै पिपलको फेद मानिसका अँगालाले छोपियो । ( वर-पिपलको दुःख, पृ. १२८-१३०)

उल्लिखित कथांशमा महिलाका धार्मिक-सांस्कृतिक संवेदनशीलता र प्रकृति विनाशप्रतिको विद्रोह प्रकट भएको छ । आधुनिक जीवनका बाह्य सुविधाहरूका निम्ति फराकिलो मोटरबाटो बनाउने योजनाले हाम्रा पुर्खाले वातावरण र स्वास्थ्यका निम्ति रोपेर हुर्काएका रुखहरू मासिनु आन्तरिक जीवनपद्धतिप्रति सचेत नहुनु हो । यसप्रति आर्थिक उपार्जनको स्रोत मात्र हो रुख भनी सोचेर रुख काट्न आएकालाई सानीकान्छीले गरेको प्रतिकार र प्रतिरोधी आह्वान निकै संवेदनशील र विचारोत्तेजक पनि छ । कथाकार सापकोटाले नारी पुरुषको सहकार्यबाट रुख जोगाएको सन्दर्भ ल्याए पनि काटिँदै गएको पिपलको रुखप्रति एउटा नारीको हृदय गहिरो गरी जोडिएको र खरेल्नीले यस कुकर्म रोक्न गरेको गुहार गुहारको चिच्याहट र देवीको आह्वान गर्दै शक्ति सञ्चय गरी सानीकान्छीले रुखलाई अँगालो हालेर गरेको प्रतिकारमा प्रकृति, संस्कृति र नारीबिचको गहिरो सम्बन्धसमेत प्रतिबिम्बित भएको छ ।

## मातृत्व, प्रकृति र नारी

प्रकृति संरक्षणप्रति नारीहरू स्वभावैले दुई प्रकारले संवेदनशील हुन्छन् । एकातिर मातृत्व छ, आफ्ना सन्तानका निम्ति भरणपोषण गर्ने खाद्यान्नको स्रोत प्रकृतिप्रति नारी ज्यादै नै अनुगृहित हुन्छन्, अर्कोतिर प्रकृतिमा पाइने आध्यात्मिक शान्ति, यी दुवैका निम्ति नारीले प्रकृतिलाई बचाउन चाहन्छिन् । यस सन्दर्भमा कथाकार हंसावती कुर्मीको कथासङ्ग्रह *बिरानो बस्ती* (२०८०) बाट पारिस्थितिक प्रणाली र जैविक विविधतायुक्त प्रकृतिप्रति नारी सचेतताको प्रयोगको एउटा दृष्टान्त यहाँ प्रस्तुत गरिएको छ :

बहिनी, यो पोखरीका विरूवा र जन्तुको सम्बन्ध पनि तिम्रो र मेरो सम्बन्ध जस्तै अजम्मरी छ । पोखरी, बिरूवा र जलीय जन्तुबिच पारिवारिक सम्बन्ध थियो । यस क्षेत्रका बासिन्दाले मखान, तिन्नी, कमलगट्टा आदिको सङ्कलन गरेर आर्थिक उपार्जन गर्थे । स्वस्थ जीवनयापन गर्थे । ... बहिनी, मलाई त कहिलेकाहीँ डर पनि लाग्छ । अहिलेका मान्छे मोटो काठ भएको रुख देखिसहँदैनन् । कुनै दिन यो रुख पनि ! अतिक्रमणले कसैको खेत, घडेरी, चरन क्षेत्र खेल मैदान आदिमा परिणत हुनेछ । (सौतिनिया पोखरीको घाट, पृ. ५५-५७) ।

उल्लिखित कथांश किंवदन्तीमाथिको एउटा प्रयोगात्मक कथा हो । यस कथामा पर्यावरण संरक्षणको गहिरो

चेतना प्रकट भएको छ । यसका लागि कथाकारले एकान्तमा पोखरीबाट बाहिर निस्केर आफ्नो परिवेशको महत्त्व र त्यसको विनाशप्रति चिन्ता गरिरहेका अलौकिक नारीपात्रहरू निर्माण गरेकी छन् । प्रकृति र नारीको निकटको सम्बन्ध प्रस्ट पार्न ती दुई दिदी बहिनीबिचको सम्वाद जैविक रूपले महत्त्वपूर्ण छ । एउटा परिवारमा आमा नै सबैको संरक्षण र केन्द्रीय पात्र हुन्छिन् । आमा नहुँदा दिदी बहिनी र पत्नी हुँदै छोरीले त्यो भूमिका निर्वाह गरेका हुन्छन् । यसको खास कारण नारीभित्र जैविक रूपले नै हुने अन्योन्याश्रित मातृत्व गुण हो । यसरी नै त्यस हरियालीमा फलेका फलहरूले स्थानीयहरूको जीवनवृत्ति चलेको देखाउँदै पारिस्थितिक प्रणालीको बिम्ब प्रस्तुत गरिएको छ । यहाँ पुँजीमुखी आजका मानिसका प्रकृति विनाशको विद्रुप चेतना, जमिनको अतिक्रमण र दिदी बहिनीको अस्मितामाथि हुनसक्ने प्रहारसम्मका परिस्थितिलाई गम्भीरतापूर्वक प्रस्तुत गरिएको छ । स्वैरकल्पनाको प्रयोग भए पनि यसभित्र वर्तमान समयको प्रकृति र नारी देहमाथिको अत्याचारको चित्रणसँगै मातृत्व चेतनासमेतको प्रकटीकरण भएको छ ।

पर्यावरणीय नारीवादले कामको परिभाषाभित्र महिलाका कामलाई पनि समेट्नुपर्छ भन्ने आग्रह राखेको छ । नारीले नै इन्धनका लागि प्रकृतिको बढी प्रयोग गर्दै आएकाले नारी नै प्रकृतिको पहिलो संरक्षणकर्ता हुन सक्ने हुँदा उनीहरूलाई वैकल्पिक मार्ग दिएर संरक्षणमुखी बनाउन सकिने तर्क अघि ल्याइएको छ । यस सन्दर्भमा नारी स्वयम् नै रुख विरुवा र प्रकृतिप्रति बढी सचेत भएका कथाहरू लेखिएका पाइन्छन् । यहाँ देवेन सापकोटाको *पृथिवीका सुस्केराहरू* (सन् २०२३) बाट बोटविरुवासँगको गहिरो सम्बन्ध र मातृत्व चिन्तनको एउटा कथांश प्रस्तुत गरिएको छ :

नैना आफू बसिरहेको कुर्सीबाट उठिन् र विजयको छेउमा पुगिन् । अनि अङ्कमाल गर्दै बोलिन्– “यदि तपाईंलाई आनन्द लागेको छ भने मलाई पनि अवश्यै लाग्नुपर्ने हो तर एउटा साँचो कुरो भनूँ है त ? ... बोन्साईलाई लिएर गरेको कुनै पनि कामले मलाई नैसर्गिक आनन्द दिँदैन ।... रुखहरू प्रकृतिका सन्तान हुन् । मुक्त आकाशमुनि खुल्ला हावामा हुर्कन्छन् । तपाईंले तिनलाई ल्याएर बाउन्ने बनाई कोठाभित्र थुनेर राख्नुहुन्छ । आजीवन कत्रो कष्ट भोगेका होलान् तिनले । मलाईचाहिँ यो अप्राकृतिक कार्य जस्तै लाग्छ ।”

उल्लिखित कथांश मातृत्व र प्रकृति चेतनाका हिसाबले निकै सशक्त छ । यस कथामा एउटा वैज्ञानिकलेसहरीकरणका पक्षमा सहरका घरभित्र राख्न रुखहरूलाई आफ्नै घरभित्र निर्मित प्रयोगशालामा बोन्साई गरी रहेका, यसैका प्रजाति निर्माणमा अनुसन्धानमा डुबिरहेका देख्दै आएकी उनकी गर्भवती श्रीमती ज्योतिले उल्लिखित प्रतिकार गरेकी हुन् । उनले बोटविरुवालाई प्रकृतिका सन्तान मानेकी छिन् र आफूभित्र हुर्कँदै गएको सन्तानबाट अनुभूत भएको मातृत्वको स्पर्श उनले बोन्साई बनाइएका विरुवाको अन्तरबाट महसुस गर्न थालेकी छिन् । यसैले प्रकृति र नारीका स्वतन्त्रताका साथै प्रकृति र नारीका संरक्षणबाट जन्मिने स्वस्थ विरुवा तथा सन्तानका विषयमा सामाजिक सचेतता यस कथामा जगाउन खोजिएको छ । नारी र प्रकृतिका नैसर्गिक अनुभूतिलाई मातृत्व चेतनामार्फत प्रकट गरिएको यस कथामा प्रकृति र प्राणी ( मानिससमेत) बिचको जैविक सम्बद्धताको प्रकटीकरण अध्यात्मिक शान्तिका तहमा अनमापन गरी प्रकट गरिएको छ ।

ज्योति जङ्गलको *छायाँ* (२०७४) कथासङ्ग्रहबाट प्रकृति र नारीको अन्योन्याश्रित सम्बन्धलाई विभेदयुक्त संस्कृतिप्रति विद्रोह लक्षित पर्यावरणकेन्द्री कथांशको एउटा दृष्टान्त यहाँ विश्लेषणका निम्ति प्रस्तुत गरिएको छ :

> ...सहन गाह्रै भयो भने माथि डाँडामा एउटा वर रोपिदिनू । त्यसको कुनै जात हुनेछैन । म थुप्रै जन्मपछि पनि त्यसलाई चिनेर बास बसुँला । (‘बलि’, पृ. १०७)

उल्लिखित कथांशमा सामाजिक जीवनमा पाएका बन्धन र सीमाहरूको शमनका निम्ति प्रकृति सदैव आश्रय हुन्छ भन्ने कथ्यलाई नारी पात्र अनुजाका कथनका रूपमा प्रस्तुत गरिएको छ । सरोज र अनुजाको अन्तर्जातीय प्रेम सम्बन्धमा समाज बाधक बन्ने शङ्काले अनुजा सरोजबाट अदृश्य बनेकी छन् । आफ्नो पतिको मृत्यु भएपछि भेटिएका दलित सरोजले अनुजालाई मित्रवत् प्रेम हुँदै जीवनमै साथ दिन चाहेपछि परिवार र समाजको सम्भाव्य मानसिक दबावबाट बच्न बालक छोरा समेतलाई छाडेर अनुजा थाहै नदिई कतै हिँडिदिएकी छ । अनेक जन्ममा समेत बास बस्ने आस्थाका रूपमा वर पिपलको रूखको जिम्मा लगाउनु छोरा र प्रेमी दुवैप्रति मातृत्व चेतनाको परिणति हो । असह्य हुँदा वरको विरुवा रोप्नु भन्ने जुन भावुक कथन छ, यसमा प्रकृतिको काख प्रदान गर्ने चेष्टा प्रकट भएको छ । यसरी नै प्रकृति सबैका निम्ति समान भएको कुरा वरको कुनै जात नहुने र प्रेमले भेट्न अनेक सामाजिक परिबन्द भोग्नु नपर्ने भावसमेत यहाँ प्रकट भएको छ ।

## प्रकृति र नारीको दोहन

प्रकृति जीवनको स्रोत हो । मानिसले पनि अन्य प्राणीले जस्तै जीवनयापनका निम्ति प्रकृतिमा निर्भर रहनुपर्छ । प्रकृतिमाथि अहिले मानिसको एकाधिकार चलिरहेको छ । उपभोग क्षमताका आधारमा प्रकृतिमाथि हैकम जमाउने विश्वबजारको सिद्धान्तले प्रकृति विनाशका शृङ्खलाहरू जोडिदै आएका छन् । पारिस्थितिक प्रणालीलाई चटक्कै बिर्सिएर आजका मानिसले प्रकृतिका सम्पदामाथि प्रयोगका नाममा मच्चाइरहेको दोहनको आतङ्कले पृथ्वीको हरियाली रित्तिँदै गएर समाप्तै हुने रुग्ण अवस्थामा पुगेको छ ॥ यस्तो परम्पराबाट सिर्जित राजनीतिक र सामाजिक-सांस्कृतिक एकपक्षीय नीतिका कारण प्रकृतिको हरियाली सकिएर सुख्खाग्रस्त मरुभूमिमा परिणत हुँदै गइरहेको छ । पर्यावरणीय नारीवादमा नारीलाई पनि त्यसरी नै भोग्या ठानी उसका वैयक्तिक अधिकार र संरक्षणको आवश्यकता बोध नगरिँदा नारीको अवस्था दयनीय बनेका घटनाहरू सर्वत्र भेटिएका छन् । अतः नारीवादी पर्यावरणमा प्रकृति र नारीको तुलनात्मक अध्ययन गरी तिनका शरीरमाथिको भोगवादी नियन्त्रणको विरोध गरिन्छ । यसै सन्दर्भमा कथाकार विजय हितानको कथासङ्ग्रह *ब्लु प्लानेट* (२०७८) बाट एउटा कथांश यहाँ विश्लेषणका निम्ति प्रस्तुत गरिएको छ :

पानीको मूल सुक्तै गएको थियो, त्यसैले गाग्री  चाँडै भरिने कुरै भएन । पँधेर्नीहरूको सङ्ख्या पनि बढ्दै थियो । तर, यस्ता कुरा सासूले पत्याउने होइन । म पानी बोकेर बाटो लागेँ । उकालो काट्तै गर्दा घुम्तीमा एक हुल बाखा झर्दै रहेछन् । बाटोमुनि अडिएर बाखाका हुललाई पहिला जान दिएँ  । कसोकसो गर्दा गाग्रीको भारीले थिच्यो । मेरा गलेका गोडा शिथिल भए । घरको आँगनमा कुरिरहेकी सासू सम्झिएँ एक्कासि– “आमा ! ढिलै भए पनि पानी लिए। आउन सकिनँ ।” यत्तिकैमा पानीको गाग्रोले झटाऱ्यो, थामिन त खोज्दै  थिएँ तर सधैँभर पहाडकी बुहारी बनेर बस्ने मेरो रहर छताछुल्ल पोखियो, गुल्टिएँ म भिरैभिर खोँचतिर...! (‘पँधेरीले लुकाएको अँध्यारो कथा’, पृ.२४-२९)

प्रस्तुत कथांशमा तराईबाट पहाडमा बिहे भएर पहाडकी बुहारी बनेकी म पात्रको संरक्षणहिन प्रकृतिसँगको सापेक्षित सम्बन्ध प्रस्तुत गरिएको छ । पहाडमा पानीको सङ्कटको मूल कारण नाङ्गिदै गएका डाँडापाखा र जमिनभित्र सुक्दै गएको जीवनरसको अवस्था हो । यहाँ म पात्र खडेरीले पानी सुक्दै गएको पँधेरामा पानी भर्न जानेक्रममा ढिलो हुन जाँदा सासुबाट प्रताडित छिन् भने विहे गरेर घर ल्याएपछि मलेसिया उडेको श्रीमान्ले पनि कुनै वास्ता नगर्नु उनको शारीरिक र मानसिक अवस्था कमजोर हुँदै जानुको कारण देखिन्छ । जसरी प्रकृतिमा संरक्षण नहुँदा पानीका मुहानहरू सुक्दै गएका छन्, त्यसरी नै एक त स्थानीयताबाट विच्छेद (तराईमा जन्मी हुर्किएको महिला पहाडको जमिनमा जरो गाड्न निकै स्याहार चाहिने तर उनले त्यस्तो पारिवारिक परिवेश पाइनन्) भएकी, अर्कोतिर तिरस्कार र अवहेलनाले जीवनप्रति अनुराग नै रित्तिँदै गएकी उनी थकित र गलित भई भीरबाट खोँचमा खस्न पुग्छिन् । यहाँ बाँच्नका निम्ति प्रकृति पर्यावरण र परिवारभित्रको आन्तरिक पर्यावरण पनि उत्तिकै आवश्यक छ भन्ने चिन्तन प्रकट भएको छ ।

## निष्कर्ष

पर्यावरणीय नारीवाद प्रकृति र नारीकेन्द्री अध्ययनको एउटा शाखा हो । यसअन्तर्गत प्रकृति र नारीशक्तिको अवमूल्यनको विरोध, नारीको श्रम र प्रकृतिको योगदानको न्यायोचित मूल्याङ्कन, प्रकृति र नारीमाथिको प्रभूताको विरोध, परतन्त्रताको विरोध र मुक्तिका निम्ति विद्रोह, पितृसत्ताको विरोध, भौगोलिक र सांस्कृतिक उपनिवेशवादको विरोध, धर्ती, पशुप्राणी र जनजातीय समुदायको सुरक्षाप्रति सचेत, पहिचानको खोजी, पुरुषकेन्द्री संस्कृतिको विरोध, मातृत्व चेतनाजस्ता विषयहरू समावेश हुन्छन् । यस अध्ययनका निम्ति सामग्री सङ्कलन गर्ने क्रममा उत्तरवर्ती नेपाली कथाको सर्वेक्षण र अध्ययन गर्दा पर्यावरणीय नारीवादी चिन्तनका आधारमा विश्लेष्य कथाहरू अत्यन्त कम लेखिएको तथ्य खुल्न आएको छ । प्राप्त यिनै कथाहरूबाट पर्यावरणीय नारीवादी विमर्शमा प्रयुक्त कथाहरूको मूल प्रवृत्ति उपभोक्तवादी संस्कृतिका कारण सङ्कटमा परेको जल, जमिन, जङ्गलका विषय तुलनात्मक रूपमा अलिक धेरै र वायु र ध्वनिका विषय आंशिक रूपमा मात्र आएको पाइएका छन् । उत्तरवर्ती कथाको यस उद्देश्यमूलक विश्लेषणबाट प्रकृति र नारीमा अन्तर्निहित शक्ति र सुन्दरताको गलत फाइदा उठाएर पृथिवी र घरलाई बस्न लायक रहन नदिने महत्वाकाङ्क्षी पुँजीवाद र उपभोक्तावादका विरुद्ध नै धेरैजसो कथा लेखिएको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भसामग्री सूची

Gaard, G. (1993). *Ecofeminism*. Philadelphia : Temple University Press

Somokanta, T. (2024). Rethinking ecofeminism: women's voices in Indian environmentalism. *Development in Practice*, *34*(8), 1071–1078. https://doi.org/ 10.1080/ 09614524.2024.2385379

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

ओशो (२०६७). *नारी र क्रान्ति.* अनु.उद्धव उपाध्याय. काठमाडौँ : मधुवन प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौँ : मोडर्नबुक्स ।

पी.एस.,इन्दु (सन् २०१२). समकालीन हिन्दी उपन्यासों में पारिस्थितिक सजगता का अध्ययन. विद्यावारिधि शोधविज्ञान तथा प्रविधि विभाग, कोचिन विश्वविद्यालय. भारत ।

लामा, कविता (२०१७). *कविता डिस्कोर्स.* दार्जिलिङ : माया प्रकाशन ।

कुर्मी, हंसावती (२०८०). *बिरानो बस्ती.* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

ज्योति जङ्गल (२०७४). *छाया.* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

राधिका कल्पित (२०८१). *सम्मोहन.* काठमाडौँ : इन्डिगो इन्क प्रा.लि. ।

सापकोटा, डा. देवेन (सन् १९२३). *पृथिवीका सुस्केराहरू.* गुहाटी : एन.आर.प्रकाशन ।

हितान, विजय (२०७८). *ब्लु प्लानेट.* काठमाडौँ : फिनिक्स बुक्स ।